नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर, हेटौंडा

०५७-५२०४९५ कार्यालय
०५७-५२०३८८ कार्यालय
०५७-५२००१२ कार्यालय
०५७-५२०७१२ निवास
०५७-५२३८२२ फ्याक्स

पत्र संख्या :- स्था.१/०८१/८२
चलानी नं. :-

मिति : २०८१/१२/०८

## ग्याँस व्यवस्थापन सम्बन्धी सूचना !

वर्तमान परिस्थितिमा पेट्रोलियम पदार्थ आपुर्तिमा आएको संकुचन/कमी र यस मकवानपुर जिल्लामा खाना पकाउने एल.पि ग्याँस बजारमा अभाव भएको, माग बमोजिम ग्याँस डिलरबाट उपलब्ध हुन नसकेको भन्ने जनगुनासो आइरहेको सन्दर्भमा ग्याँस उद्योगहरुबाट पूर्ववत ग्याँस उत्पादन भइरहेको र डिलर मार्फत् नियमित रुपमा सर्वसाधारण उपभोक्ताहरुलाई बिक्री/वितरण भइरहेको भन्ने व्यवसायीहरुबाट जानकारी प्राप्त भएतापनि ग्याँस बजारमा हुन सक्ने अनियमितता, कृत्रिम अभाव एवं कालो बजारी नियन्त्रण गरी आम उपभोक्ताहरुमा आयल निगमबाट निर्धारित मूल्यमा सरल, सहज ग्याँस उपलब्ध गराउनका लागि सम्बद्ध पक्षहरुले देहाय बमोजिम प्रबन्ध मिलाउन हुन र आम उपभोक्ताहरुले आवश्यकता भन्दा बढी ग्याँस सिलिण्डहरु संचय नगर्नु/नगराउनु हुन समेत यसै सूचना मार्फत् अनुरोध छ।

देहायः-

**क. ग्याँस उद्योग**

ग्याँस उद्योगहरुले बजारको मागलाई विश्लेषण गरी धान्न सक्ने गरी ग्याँस सिलिण्डर भरी डिलर मार्फत् मात्र उपलब्ध गराउने र त्यसरी उपलब्ध गराइएको ग्याँसमा मूल्य आफूखुशी बढाई कालो बजारी हुन नदिन डिलरहरुमा निरन्तर निगरानी गर्ने र डिलर मार्फत् उपलब्ध गराइएको ग्याँसको नियमित अभिलेख राख्ने र सोको प्रतिवेदन प्रत्येक दिन जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने ।

**ख. ग्याँस डिलर**

१. ग्याँस डिलरहरुले आयल निगमले तोकेको मूल्यमा फरक नपर्ने गरी सकभर आफैले जेष्ठ नागरिक, विरामी, अशक्त, डेरा (वहाल) मा बस्ने गरिब/असहाय आदिलाई प्राथमिकता तोकी First in First out को नीति अनुरुप वितरण गर्ने र ग्याँस सिलिण्डर नलुकाउने वा स्टक नराख्ने एवं उपभोक्तालाई सहज उपलब्ध गराउने।

२. सकभर वर्तमान परिस्थितिमा सव डिलर मार्फत् ग्याँस बिक्री वितरण नगर्ने । गर्नै पर्ने अवस्था आएमा सो को जिम्मेवारी डिलर आफैमा राखी अनियमितता नहुने गरी बिक्री/वितरणको प्रबन्ध मिलाउने। ग्याँस बिक्री/वितरणको सम्पूर्ण जिम्मेवारी डिलरको नै हुनेछ र ग्याँस बिक्री/वितरणको नाम, नामेसी सहितको प्रतिवेदन दैनिक रुपमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा उपलब्ध गराउने ।

३. ग्याँस डिलर र सव डिलरहरुबाट बिक्री/वितरण गरिएको ग्याँस सिलिण्डरहरुको स्पष्ट Roster बनाई राख्ने र सो को विवरण नियमित रुपमा जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने।

४. ग्याँस खरिद बिक्रीको नियमानुसार खरिद/बिक्री विल अनिवार्य रुपमा राख्ने ।

२०८१/१२/०८
गुणराज प्रसाद न्यौपाने
प्रशासकिय अधिकृत